नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट

# कर्णाली प्रदेश नेपाल

## सेवा करारको लागि दरखास्त आह्वान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशित मिति :- २०७९।०८।१३**

प्रस्तुत सम्बन्धमा यस नलगाड नगरपालिका कृषि विकास शाखाको लागि तपसिलको १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा पदपुर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयको प्रशासन, योजना तथा अनुगमन शाखा वा ईमेल ठेगाना ito.nalgaadmun@gmail.com मा रितपुर्वक दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं | विज्ञापन नं. | पद | श्रेणी/तह | परीक्षा दस्तुर | माग संख्या | शैक्षिक योग्यता/अनुभव | छनौटको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/०७९।८० | कृषि अधिकृत | अधिकृत स्तर छैठौं | रु.१००० | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको । | प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र अन्तरवार्ता | |

**आवश्यक कागजात तथा विवरणहरु :-**

- दरखास्त दिने अन्तिम मिति :- २०७९।०८।१९ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन कार्यालय समयमा ।
- दरखास्त फारम यस कार्यालयको वेभसाईट :- www.nalgaadmun.gov.np बाट डाउनलोड गरि वा यस कार्यालयमा सम्पर्क राखि लिन सकिने छ ।
- दरखास्त साथ संलग्न गर्नुपर्ने विवरण:- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, तालिम तथा अनुभव सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो (२ प्रति) एवं परीक्षा दस्तुर बुझाएको रकमको रसिद अनिवार्य बुझाउनु पर्नेछ ।
- नेपाल बाहिरको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपि ।
- सेवा सुविधा :- स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ परिच्छेद १ को दफा ८ का उपदफा १ बमोजिम हुनेछ ।
- उमेर :- २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ (महिला र अपाङ्को हकमा ४० वर्ष ननाघेको) । म्याद नाघि आएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
- अनुभव :- सम्बन्धित कार्यमा अनुभव भएकालाई ग्राह्यता दिइनेछ ।
- परीक्षा मिति :- सूचना प्रकाशित भएको मितिले ८ औ दिन कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात् कार्यालय खुलेको दिन प्रकाशित गरिने छ ।

*थप जानकारीका लागि* :- मोबाइल नं ९८५८०८१८५२ वा यस कार्यालयको Website www.nalgaadmun.gov.np मा हेर्न सकिने छ ।

मानबहादुर गिरी
(प्रमुख प्रशासकीय अधिकृत)